# कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७८**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड - ५ | सङ्ख्या : २ | मिति : २०७८/०४/१५ |
| --- | --- | --- |

## भाग -२

### दार्मा गाउँपालिका

*गाउँ कार्यपालिकाबाट पारित मिति : २०७८/०४/०८*

*प्रमाणीकरण मिति : २०७८/०४/१५*

## ***कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८***

***प्रस्तावनाः***

*गाउंपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टेन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न बाञ्छनीय भएकोले, स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।*

***१. संक्षिप्त नाम र प्रारम्भः***

*(क)* *यस कार्यविधिको नाम कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।*

*(ख)* *यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।*

**२.** ***परिभाषाः*** *बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–*

*(क)* *भन्नाले स्थानीय सरकार सञ्चालन ऐन ''ऐन'', २०७४ सम्झनु पर्छ ।*

*)ख (* *''गाउँपालिका भन्नाले ''दार्मा गाउँपालिका सम्झनुपर्छ ।*

**३.उद्देश्यः**

*कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्चसम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:*

*(क)* *योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,*

*(ख)* *दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टेन्जेन्सी वापतको रकम खर्च गर्न,*

*(ग)* *कन्टेन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,*

*(घ)* *भैपरी आउने खर्चको व्यवस्थापन गर्न,*

*(ङ)* *कन्टेन्जेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न, आदि ।*

***४.कन्टेन्जेन्सी रकमको व्यवस्थाः***

*गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टेन्जेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।*

**५.** ***खर्च गर्न सकिने क्षेत्रहरुः***

*योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।*

*(क)* *योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँगसम्वन्धित प्रशासनिक र वैठक भत्ता लगाय खाजा खाना खर्च,*

*(ख)* *योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिकसामाग्री खरिद,*

*(ग)* *योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,*

*(घ)* *तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु*

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रमकार्यान्वियन सम्बन्धी अभिमूखिकरण तालिमगोष्ठी कार्यक्रम संचालनमालाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिकोतथा अनुशरण गरी त्यस्ताअसल अभ्यासलाई कार्यान्वियन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

(ञ) पूर्वाधार विकास तथा वातावरण संरक्षण शाखासँग सम्वन्धित कर्मचारीहरुको अतिरिक्त समय मासिक रुपमा खाजा खर्च

(ट) मेसिनरी औजारहरु (कम्प्युटर, ल्यापटप, क्यामरा, प्रिन्टर, फोटोकपी मेसिन, कार्टेज, टोनर आदि)

(ठ) फर्निचर तथा फिक्चर्स सामग्री (कुर्सी, टेबल, दराज तथा फिक्चर्सहरु)

(ड) योजना कार्यान्वयनका लागि आवश्यक सवारी साधनहरु

**६. कन्टेन्जेन्सी रकमको खर्च प्रकृतिः**

योजनातथा कार्यक्रमको कुल कन्टेन्जेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

**७. कन्टेन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः**

गाउँपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेशसरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सोको लगत राखिने छ तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टेन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

**८. थप घट, हेरफेर वा संशोधनः**

विधान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरीसंशोधन गर्न सक्नेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ।

*(ख) तर प्रचलित ऐन, कानून, नियम र यसकार्यविधिको मुलभूत कुरालाई असर गर्नेगरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।*

***१०. यसै बमोजिम भएगरेको मानिनेः***

*यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी रकमबाट योजना कार्यान्वियनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।*

***आज्ञाले,***

*अमृत खड्का*

*निमित्त प्रमुख प्रशासकीय अधिकृत*